अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : १७ मिति : २०८१।०५।१२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

## कृषि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०५।०६**

**प्रस्तावना**

अन्नपूर्ण गाउँपालिकाको भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन गरी अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखा र पशु सेवा शाखाबाट सञ्चालन हुने गरी स्वीकृत वार्षिक नीति तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ बाट प्रत्याभूति हक अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम अन्नपूर्ण गाउँपालिकाले "कृषि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" तयार गरी लागु गरेको छ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "कृषि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि,२०८१" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

(ग) यो कार्यविधि अन्नपूर्ण गाउँपालिका, म्याग्दी भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका, म्याग्दीलाई सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले अन्नपूर्ण गाउँपालिकाको कृषि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ लाई सम्झिनु पर्छ।

(ग) "कृषि एम्बुलेन्स" भन्नाले अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गर्ने कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनुपर्छ।

(घ) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुको लागि स्थानीय तहबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

(ङ) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/ फर्म/ कृषि उद्यमी/कृषक समुह/ कृषि सहकारी/ उपभोक्ता समितिलाई सम्झनु पर्छ।

(च) "कृषक समुह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या आवश्यकता र चाहनाहरु भएका न्यूनतम ११ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना साझा उद्देश्यहरु सामूदायिक प्रयत्न द्वारा प्राप्त गर्न बनाईएको संगठनलाई कृषक समूह भन्ने सम्झनु पर्छ।

(छ) "सहकारी" भन्नाले कुनै प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धि कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ।

(ज) "कृषि फर्म" भन्नाले प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका व्यवसायी/ उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(झ) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, पुष्प, पशुपंक्षी, माछा, मासु, दुध, अण्डा, ऊन, च्याउ, मौरी, रेशम, चिया, कफी, कोसेबाली, तेलहन, दलहन, कृषिका सबै उपक्षेत्रगत उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँदछ।

(ञ) "कार्यालय" भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ट) " पशु " भन्नाले घरपालुवा पशु, पंक्षी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(ट) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १३ मा उल्लेख भएबमोजिमको समिति रहनेछ।

**३. उद्देश्यः** यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) कृषि तथा पशुपालनका क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु तरकारी खेती, फलफूल खेती, अन्य खेतीहरु, मौरीपालन, पशुपालन, नश्ल सुधार, कृषि तथा पशुपालनको लागि आवश्यक औजार, उपकरण तथा बीउ विजन वितरण, कृषिका पुर्वाधारको निर्माण लगाएतका कार्यहरु एवम् कृषि बजार प्रवर्द्धन जस्ता कार्यहरु सञ्चालन एवम् व्यवस्थापनको लागि आवश्यक प्रविधि वा वस्तुमा अनुदान प्रदान गरी कृषकलाई प्रोत्साहित गर्ने।

(ख) प्रविधि हस्तान्तरण मार्फत कृषि क्षेत्रलाई व्यवसायिकीकरण गरी कृषकलाई आत्मनिर्भर,उत्पादनमूखी, बजारमूखी र प्रतिस्पर्धि बनाउने।

(ग) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापना गरि निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने।

(घ) अन्नपूर्ण गाउँपालिकाको गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम अनुसारका कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्रका युवाहरुलाई रोजगारीका अवसर सृजना गर्ने।

(ङ) कृषिजन्य तथा पशुजन्य वस्तुमा राष्ट्रिय रुपमा आत्मनिर्भर बनाउन टेवा पुर्याउने।

**४. सरोकारवाला निकायहरुको भूमिका:** कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ:

(क) स्थानीय तहको भूमिका

- साझेदारीमा विनियोजित कार्यक्रमको हकमा कार्यक्रम सञ्चालनका लागि सहजीकरण गर्नुपर्ने,
- कृषि विकास कार्यक्रम सञ्चालनको लागि प्राविधिक आवश्यक परेको खण्डमा प्राविधिक कर्मचारीको व्यवस्था गर्ने,

- कार्यक्रमको अनुगमन गर्ने, पृष्ठपोषण गर्ने, समस्या समाधान गर्ने।

(ख) कार्यालयको भूमिका

- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्ड/ सूचकहरुको आधारमा प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्ने,
- कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन पश्चात् कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने,
- सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने, गराउने,
- प्रचलित कानून बमोजिम खर्च गर्न गराउने, लेखा राख्ने, राख्न लगाउने,
- प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने अन्य विषय पालन गर्ने, गराउने,
- अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्ने,
- कार्यक्रममा दोहोरोपना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गर्ने।

(ग) अनुदानग्राहीको भूमिका

- यस कार्यविधिको अधिनमा रहि कार्यक्रमको कार्यान्वयन गर्ने,
- अनुदानग्राहीले कार्ययोजना अनुसार कार्यसम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समयसीमा भित्रै पेश गर्नुपर्ने,
- जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा मात्र अनुदान प्रयोग गर्नु पर्ने,
- सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्ने,
- अनुदानग्राहीका अन्य अधिकार कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुने,
- तोकिएको समयमा कार्य सम्पन्न नभएमा लागत बृद्धि भएमा वा कुनै हानि नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

(घ) सम्बन्धित वडा कार्यालयको भूमिका

- कार्यक्रम प्रभावकारीताका लागि आवश्यक सहजीकरण गर्ने,
- वडाको सिफारिस आवश्यक पर्ने भए आवश्यक व्यवस्था मिलाउने,
- कार्यक्रमहरुको अनुगमन निरीक्षण गर्ने, गराउने।

## परिच्छेद २

## सञ्चालन गरिने कार्यक्रमहरु

**५. कृषि विकासका कार्यक्रमको विवरण:** स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही कृषि विकास कार्यक्रमहरु देहाय बमोजिमका संलग्न मापदण्ड, सञ्चालन गरिने क्रियाकलापहरु र अनुदान सीमा रकमका आधारमा सञ्चालन गरिनेछ।

देहाय:

| क स | कार्यक्रमको नाम | कार्यविधि | आवश्यक कागजात | अनुदान प्रतिशत | अनुमानित लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| १ | तरकारी उत्पादनको लागि प्लाष्टिक घर निर्माण कार्यक्रम | १) कृषक, कृषक समुह वा कृषि फर्मले विगतमा कम्तिमा ०.५ रोपनि क्षेत्रफलमा तरकारी खेती गरेको वा प्रतिवद्धता हुनु पर्नेछ।<br>२)कार्ययोजना सहितको निवेदन गाउँपालिकाको कृषि विकास शाखामा वा सम्बन्धित वडा कार्यलयमा दिईएको समय भित्र बुझाउनु पर्नेछ।<br>३)अनुगमन समितिले सम्पूर्ण निवेदकहरुको स्थलगत अनुगमन गरि आएको नतिजा गाउँ कार्यपालिकाको बैठकमा पेश गरि छनौटमा परेका कृषक वा कृषक समुहसँग सम्झौता गरि कार्यदिश दिईनेछ। | -कृषकको निवेदन<br>-वडाको सिफारिस<br>-अघिल्लो आर्थिक वर्षमा कुनै पनि प्रकारको अनुदान नलिएको स्व:घोषणा पत्र<br>- नेपालि नागरिकताको प्रतिलिपि<br>-जग्गा धनीको प्रमाण पत्र<br>-अर्काको जग्गामा खेति गरेको भए करार पत्र वा मञ्जुरीनामा<br>-कृषक समूहको हकमा समूहको निर्णयको प्रतिलिपी<br>- कृषक समुह वा कृषि फरमको हकमा करचुक्ता प्रमाण पत्र, नविकरण गरेको प्रमाण पत्र, लेखा परिक्षण प्रतिवेदन | ७५ | १० जना |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | साना सिँचाई कार्यक्रम | स-साना अस्थायी बाँध, कुलो सुधार, संरक्षण, पोलिथिन पाईप, पोखरी निर्माण, थोपा सिँचाई, स्प्रिङकलर सिँचाई आदिको निर्माण व्यवस्थापन गर्नमा कार्यक्रम माग गर्नको लागि पुर्याउनु पर्ने प्रकृया:<br>• कृषि विकासको लागि स्थापित कृषक समूहहरु जस्ता उपभोक्ताहरुको सहभागितामा कार्यान्वयन योजना तयार गरी यस कार्यक्रमको लागि प्रस्ताव गाउँपालिकामा पेश गर्नुपर्नेछ।<br>• प्रस्ताव पेश गर्नको लागि कृषि विकास शाखाले आ व को कार्तिक १५ भित्र प्रस्ताव पेश गर्न सुचना प्रवाह गर्नेछ।<br>• तोकिएको म्यादमा प्राप्त प्रस्तावहरुलाई कृषि विकास शाखाले कम्पाईल गरि आर्थिक विकास समिति मार्फत कार्यपालिकामा पेश गरि बैठकबाट छनौटमा गरि कार्यान्वयनको लागि सम्झौता गरि कार्यादेश दिईनेछ।<br>• उपभोक्ताले कुल लागतको २५ प्रतिशत जनश्रमदानको रुपमा बेहोर्नु पर्ने छ।<br>• यस कार्यक्रम अन्तरगत छनौटमा परेका कृषक समुहले यदि सिँचाईको लागि पाईप खरिद गरेको खण्डमा उक्त पाईप | -समुहको तर्फबाट निवेदन<br>- वडाको सिफारिस<br>- कृषक समुहको निर्णयको प्रतिलिपि<br>- करचुक्ता प्रमाण पत्र, नविकरण गरेको प्रमाण पत्र, लेखा परिक्षण प्रतिवेदन<br>- अघिल्लो आर्थिक वर्षमा कुनै पनि प्रकारको अनुदान नलिएको स्व:घोषणा पत्र<br>- लाभान्वित हुने कृषकको जग्गाधनी प्रमाण पत्र<br>- पोखरी निर्माणको हकमा पोखरी स्थापना गर्ने जग्गाको जग्गा धनीको मञ्जुरीनामा | ७५ | ३ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पानिको स्रोत देखि आफ्नो खेतीयोग्य जग्गा सम्म गाडेको हुनुपर्नेछ। | | | |
| ३ | कृषि आधुनिकीकरणको लागि यान्त्रिकरण वितरण कार्यक्रम | १) कार्यालयले सूचना प्रकाशन गरेको समय सिमा भित्र कृषक, कृषक समुह, कृषि फर्म र कृषि सहकारीले आवश्यक कागजात सहितको निवेदन सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्ने छ।<br>२) खरिद प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्ने।<br>३) यस कार्यक्रम अन्तर्गत मिनि टिलर खरिद गरि वितरण गरिनेछ। | -कृषकको निवेदन<br>-वडाको सिफारिस<br>-अघिल्लो आर्थिक वर्षमा कुनै पनि प्रकारको अनुदान नलिएको स्व:घोषणा पत्र<br>- नेपालि नागरिकताको प्रतिलिपि<br>-जग्गा धनीको प्रमाण पत्र<br>-अर्काको जग्गामा खेति गरेको भए करार पत्र वा मञ्जुरीनामा<br>-कृषक समूहको हकमा समूहको निर्णयको प्रतिलिपी<br>- कृषक समुह वा कृषि फरमको हकमा करचुक्ता प्रमाण पत्र, नविकरण गरेको प्रमाण पत्र, लेखा परिक्षण प्रतिवेदन | ७५ | |
| ४ | क्षमता अभिबृद्धिको लागि तालिम सञ्चालन | १) कृषकहरुको माग, तुलनात्मक लाभ र आवश्यकता अनुसारका तालिमहरु सञ्चालन गर्नु पर्नेछ।<br>२) तालिम सञ्चालनको लागि सम्पूर्ण खर्च अन्नपूर्ण गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका २०७९ बमोजिम गर्नुपर्नेछ। | कृषकको निवेदन<br>-वडाको सिफारिस<br>- नेपाली नागरिकताको प्रतिलिपि<br>-कृषक समूहको हकमा समूहको निर्णयको प्रतिलिपी, | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | करचुक्ता प्रमाण पत्र,<br>नविकरण गरेको प्रमाण पत्र,<br>लेखा परिक्षण प्रतिवेदन | | |
| ५ | बगैंचा व्यवस्थापनको लागि निलो तुथो र चुना वितरण कार्यक्रम | १) सुचना प्रकाशन गर्नुभन्दा पहिले नै प्रचलित कानून बमोजिम दर्ता भएका कृषक, कृषक समुह वा कृषि फर्मले आवश्यक कागजात सहितको निवेदन सम्बन्धित वडामा वा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्ने छ।<br>२) माग संकलन गरि कृषि विकास शाखाले नै माग अनुसारको निलो तुथो तथा चुना खरिद गरि वितरण गर्नेछ।<br>३) छनौटमा परेको कृषक तथा कृषक समुहले कृषि प्राविधिकको उपस्थितिमा चुना निलो तुथोको घोल बनाई प्रयोग गर्नुपर्नेछ। | -कृषकको निवेदन<br>-वडाको सिफारिस<br>-अघिल्लो आर्थिक वर्षमा कुनै पनि प्रकारको अनुदान नलिएको स्व:घोषणा पत्र<br>- नेपालि नागरिकताको प्रतिलिपि<br>-जग्गा धनीको प्रमाण पत्र<br>-अर्काको जग्गामा खेति गरेको भए करार पत्र वा मञ्जुरीनामा<br>-कृषक समूहको हकमा समूहको निर्णयको प्रतिलिपी<br>- कृषक समुह वा कृषि फर्मको हकमा करचुक्ता प्रमाण पत्र, नविकरण गरेको प्रमाण पत्र, लेखा परिक्षण प्रतिवेदन | ७५ | |
| ६ | तरकारी बिउ वितरण कार्यक्रम | यस भेगमा उपयूक्त बाली र जातका तरकारीका बिउहरु खरिद गरि कृषकहरुलाई सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा रहेको कृषि विकास शाखाबाट वितरण गरिनेछ। | | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम | १) रैथाने बालीहरु जस्तै जुनेली, कल्ला, कालो भट्ट, गहत, मास, घैया, लट्टे, फापर, उवा, मस्याङ, बोडि, कोदो, काडे मकै, तोरी बालीहरुको खेती गर्ने कृषकहरुको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।<br>२) प्रत्येक बालीमा सबैभन्दा धेरै उत्पादन गर्ने कृषकलाई प्रति बाली रु १५००० को दरले प्रोत्साहन रकम उपलब्ध गराईनेछ। | -कृषकको निवेदन<br>-वडाको सिफारिस<br>-नेपाली नागरिकताको प्रतिलिपि | प्रति बाली रु १५,००० | |
| ८ | बाली संरक्षण अन्तर्गत विषादी खरिद तथा वितरण कार्यक्रम | १) अन्नपूर्ण गाउँपालिकामा वर्षेनि देखा पर्ने बाली रोग तथा बालीमा लाग्ने किराहरुको निवारणको लागि कृषि विकास शाखाले आवश्यक विषादी खरिद गरि कृषकहरुको आवश्यकता अनुसार वितरण गर्नुपर्नेछ।<br>२) विषादीहरु प्रचलित कानुन बमोजिम प्रकृयागतरुपमा खरिद गर्नुपर्नेछ। | | सत प्रतिशत अनुदान | ४०० जना |

**६. पशु सेवा कार्यक्रमको विवरण:** स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही पशु सेवा कार्यक्रमहरु देहाय बमोजिमका संलग्न मापदण्ड, सञ्चालन गरिने क्रियाकलापहरु र अनुदान सीमा रकमका आधारमा सञ्चालन गरिनेछ।

देहाय:

| सि नं | कार्यक्रम | मापदण्डहरु | संचालन गर्नसकिने क्रियाकलापहरु | अनुदानरकम/ | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिशत | |
| १ | उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम | कृषक हुनु पर्नेछ ।कार्यक्रम प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडी दर्ता भएका कृषक वा निजि फर्म , हुनु पर्ने छ । | कृषकले उत्पादन गरेको आधारमा उत्पादन हेरी प्रोत्साहन स्वरुप कृषकको पशु संख्याको अधारमा वगिकरण गर्ने र सेही बमेजिम रमक प्रदना गर्ने।<br><br>भेडा बाख्रा पालन तर्फ<br>• लघु उधमी — १५-२५ वटा माउ बाख्रा पालन गरेको हुनुपर्ने छ ।<br>• साना उधमी- २६-३५ वटा माउ बाख्रा पालन गरेको हुनु पर्नेछ ।<br>• मझौला उधमी-३६-४५ वटा माउ बाख्रा पालन गरेको हुनु पर्नेछ ।<br>• व्यवसायिक उधमी- ४६ वा सो भन्दा बढि माउ बाख्रा पालन गरेके हुनु पर्नेछ ।<br>गाई भैसी पालन तर्फ<br>• लघु उधमी -३-४ वटा गाई भैसि पालन गरी १०००-१२०० लि दुध उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ ।<br>• साना उधमी- ५-८ वटा वटा गाई भैसि पालन गरी १२००-२१०० लि दुध | लघु उघमी-१२०००<br>साना उधमी-१८०००<br>मझौला उधमी-२५०००<br>व्यवसायिक -३५०००<br>कृषकलाई प्रोत्साहन स्वरुप विवरण तथा अनुगमनका अधारमा शत प्रतिशत अनुदान प्रदान गर्ने । | लाभवित कृषक संख्या ३० जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ ।<br>• मझौला उधमी- ९-१३ वटा वटा गाई भैसि पालन गरी २२००-३३०० लि दुध उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ ।<br>• व्यवसायिक उधमी -१४ वटा वा सो भन्दा बढी दुहुना गाई वा भैसी पालन गरीमासिक ३३०० लिटर भन्दा बढिदुध उत्पादन गरीव्यक्तिगत फर्म/समुह /सहकारि मार्फत दुध बिक्री गरेको हुनुपर्नेछ । | | |
| २ | पशु सेवामा प्रयोग हुने उपकरण खरीद | पशु सेवामा प्रयेग हुने उपकरणहरु र वडामा आवश्यक फ्रिज खरिद गर्ने | आवश्यक सामग्री सार्वजनिक खरीद एन अनुसार खरीद गरीने छ | आवश्यक रहेको वडाहरुको माग बमोजिम खरिद गरीने । | |
| ३ | घाँसको विउ बेर्ना वितरण | कृषक, कृषक समूह वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।विउ माग गर्दा नागरीकताको प्रतिलिपि र लिखित निवेदन र सम्वन्धित वडाको | हिउदे जै घाँसको विउहरु ,वर्षे घाँसहरु टियोसेन्टी सुडान बाज्रा तथा वहुवर्षिय घाँसको वेर्नाहरु सार्वजनिक खरिद ऐन अनुसार खरिद गरि वितरण गरिने छ । | उक्त विउ शत प्रतिशत अनुदानमा वितरण गरीने छ। | ३०० कृषक लाभावित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ । | | | |
| ४ | परिजिवि नियन्त्रण कार्यक्रम र रेविज सप्ताह मनाउने | भेडा पालक कृषक वा निजि फर्मलाई, कार्यक्रमबाट वाह्य तथा आन्तरिक परिजिवि विरुद्ध औषधि वितरण गर्ने साथै रेविज सप्ताह मनउने | यस गाउँपालिका भित्र रहेका भेडा पालक कृषक हरुको तथ्याक संकलन गरि संख्यकाव आधारमा आन्तरिक तथा बाह्य परजिवि विरुद्ध औषधि खरिद गरि वितरण गर्ने साथै रेविज सप्ताह मनाउन आवश्यक भ्याक्सिन व्यानर र अन्य सामाग्रि | | ३० जना |
| ५ | व्यवसायिक पशु पन्छी पालन तालिम | सुचना प्रकाशन गरी व्यवसायीक कृषक तथा तालिक लिन इच्छुक कृषकहरुलाइ समेटी पशु सेवा सम्वन्धि विज्ञ बाट कम्तिमा पनि ५ दिने पशु पालन सम्वन्धि पालिका स्तरमा तालिम संचालन गर्ने । | कृषकको माग बमोजिमका विषय वस्तु अनुसारको तालिम संचालन तथा प्रशिक्षक भत्ता, यातायात वाफत गाडिभाडा, ,खाजा खर्च, हल भाडा , स्टेशनरी खर्च, अन्य तालिम व्यवस्थापन खर्च . तथा प्रमाण पत्र वितरण गर्न आवश्यक प्रस्तावना तयार गरी कार्यक्रम संचालन गर्ने, | गाउँपालिकाको कार्याविधि अनुसार | २५ जना |
| ६ | हिट सिन्कोनाइजेसन कार्यक्रम तथा गर्भ परिक्षण शिविर | दुध उत्पादन को संभावना बढि भएको ठाउँहरुमा तोकि स्थानिय तथा उन्नत नश्लका गाइ र भैसिमा प्रविधिको प्रयोग गरि | विज्ञ खर्च, आवश्क औषधि खर्च , व्यवस्थापन खर्च गर्न आवश्क प्रस्तावना तयार गरी कार्यक्रम संचालन गर्ने साथै उक्त कार्यक्रम बाट यस पालिकामा बर्ष भरि | शत प्रतिशत अनुदानमा संचालन गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कृतिम गर्भाधान गराउने र गत अ.वमा कार्यक्रम संचालन भएको वडामा गर्भ परिक्षण गर्ने र गर्भ नरहेकामा पुन कृत्रिक गर्भाधान गर्नुको साथै कृत्रिम गर्भाधानको को लागि आवश्यक सामाग्रि ढुवानी खरिद गरिने छ। | संचालन हुने कृत्रिम गर्भाधान गरेवापतको प्राविधिकलाई प्रति पशु रु ५०० का दरले एकमुष्ट भुक्तानी गरिने छ । | | |
| ७ | पशु पन्छीका लागि औषधि खरिद कार्यक्रम | कृषक समूह , कृषि सहकारी संस्था र कृषि फर्म, कृषि कम्पनीमा आवद्ध सम्पूर्ण कृषकलाई वितरण गरिनेछ। | विभिन्न रोग आन्तरिक परजिवि तथा बाह्य परजिवि विरुद्द को औषधि खरिद गर्ने | शतप्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । | |
| ८ | थुनेलो परिक्षण शिविर | दुध उत्पादन बढि भएका ठाँउहरुमा र थुनेलो रोग बढि देखिएका ठाँउमा संचालन गरीने छ । | थुनेलो परिक्षण किट खरिद , भ्रमण खर्च ,अवश्यक औषधि को खरिद गर्ने । | | २० जना |
| ९ | पशु पन्छीका लागि गोठ खोर निर्माण कार्यक्रम | कृषक, कृषक समूह वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।कार्यक्रम प्रचलित कानुन बमोजिम सूचना | कृषकको माग अनुसार प्राविधिकके लागत अनुमानको आधारमा बमोजिम को कार्य गर्ने | ७५ प्रतिशत अनुदानमा संचालन गर्ने | ३ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रकाशन भन्दा अगाडी दर्ता भएका कृषक समूह/ कृषि सहकारी संस्था वा निजि फर्म , हुनु पर्ने छ । | | | |
| १० | समिक्षा तथा रिर्पोटिङ बैठकका लागि खाजा र भत्ता | पशु सेवा शाखा अन्तरगत का कर्मचारी र अन्य कर्मचारहरुको बैठकका लागि | खाजा खर्च राम्चे शिख र दोवा बाट उपस्थित कर्मचारीलाई २ दिन बरावर को भ्रमण भत्ता र अन्यलाई सहभागि भत्ता वितरण गर्ने | | |

**परिच्छेद ३**

**<u>प्रस्ताव माग तथा छनौट प्रक्रिया</u>**

**७. आवेदन तथा प्रस्ताव माग:** सम्बन्धित शाखाले अनुसूची १ को ढाँचामा १५ देखी २१ दिनको समय राखी सूचना प्रकाशन गरी कृषक/ निजी फर्म/ समुह/ सहकारीहरुसँग प्रस्ताव माग गर्नेछ।

**८. अनुदानको लागि कृषकले अपनाउने प्रकृया:**

(क) दफा ५ र दफा ६ मा उल्लेखित मापदण्ड पुगेका ईच्छुक कृषकले आवेदन पेश गर्न सक्नेछन्।

(ख) अनुसूची ३ बमोजिमको कार्यक्रमको कार्ययोजना, अनुसूची ७ बमोजिमकको स्व: घोषणा पत्र, वडा कार्यालयको सिफारीस र कार्यक्रम अनुसार सूचनामा उल्लेख गरिएका आवश्यक कागजात सहित अनुसूचि २ को ढाँचा अनुसारको निवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अथवा सम्बन्धित वडामा दर्ता गराउन सक्नेछन।

(ग) समय सिमा भित्र पेश हुन नआएका निवेदन स्वत: रुपमा खारेज हुने छन्।

**९. योजना मूल्याङ्कन तथा छनौटः**

(क) प्राप्त निवेदन तथा कार्ययोजनाहरु कृषि विकास शाखाले संकलन गरि आर्थिक विकास समिति समक्ष अध्ययनको लागि पेश गर्नुपर्नेछ।

(ख) आर्थिक विकास समितिले प्रस्तावहरु अध्ययन गरि सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागि छनौट गरी दफा १३ बमोजिमको सुपरिवेक्षण तथा अनुगमन समितिलाई स्थलगत अनुगमनको लागि सिफारीस गर्नेछ।

(ग) अनुगमन समितिले प्रथम चरणको स्थलगत अनुगमन गरि अनुसूची- ४ बमोजिमको मुल्याङ्कन फारम भर्नु पर्नेछ। प्राप्त अनुगमन समितिको प्रतिवेदनलाई कार्यपालिकामा पेश गरि गाउँ कार्यपालिकाको बैठकले कृषक/कृषक समुह/ कृषि फर्म वा कृषि सहकारी छनौट गर्नेछ।

## परिच्छेद ४

## सम्झौता प्रक्रिया

**१०. कार्यक्रमको सम्झौता प्रक्रिया:** कृषकसँग सम्झौता गरी कार्यान्वयन गर्नु पर्ने कार्यक्रमहरुको हकमा दफा ९ बमोजिम छनौटमा परेका कृषक/कृषक समुह/ कृषि फर्म वा कृषि सहकारीले अनुसूची ६ मा रहेको ढाँचा बमोजिमको निवेदन सहित सम्पूर्ण आवश्यक कागजात पेश गरे पश्चात दुई पक्षकै सहमति हुने गरि कार्यालयले अनुसूची ५ मा रहेको सम्झौता पत्र बमोजिम सशर्त सम्झौता गरी कार्यादेश दिनु पर्नेछ।

## परिच्छेद ५

## सामाग्री खरिद

**११. सामाग्री खरिद प्रक्रिया**: वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनको लागि स्वीकृत बजेटको परिधि भित्र रहि कृषि विकास शाखाले " सार्वजनिक खरिद ऐन २०६३" र " अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६" बमोजिम आवश्यक सामाग्रीहरु खरिद गर्नुपर्नेछ।

## परिच्छेद ६

## भुक्तानी प्रक्रिया

**१२. भुक्तानी प्रक्रिया:**

(क) कृषि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(ख) कार्यक्रम सम्पन्न भएपछि कार्यालयले देहाय बमोजिमको प्रक्रिया पुरा गरे पछि मात्र अनुदान रकम भुक्तानी गर्नेछ;

- सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बिल भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ।
- सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्न पर्नेछ।
- सम्बन्धित अनुदानग्राहीले संचालन गरेका व्यवसायको उत्पादन, बजारिकरण तथा आम्दानी सहितको प्रगति प्रतिवेदन पेश गर्न पर्नेछ।
- सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ।
- सार्वजनिक सुनुवाई गरेको माईन्यूटको प्रतिलिपी संलग्न हुनुपर्नेछ।
- कुल लागतमा ३ लाख अनुदानसम्म वा सो भन्दा बढीको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होर्डिङबोर्ड राखेको हुनुपर्नेछ।

(ग) कार्यक्रम रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिमको कर कट्टि गरिनेछ।

## परिच्छेद ७

## कार्यक्रम सुपरिवेक्षण तथा अनुगमन सम्बन्धि व्यवस्था

**१३. सुपरिवेक्षण तथा अनुगमन समिति:** यस गाउँपालिकाको कृषि विकास शाखाबाट सञ्चालन गरिने कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमनको लागि देहाय बमोजिमको सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछ।

देहाय:

- गाउँपालिका उपाध्यक्ष :- संयोजक
- आर्थिक विकास समितिका संयोजक :- पदेन सदस्य
- लेखा समिति संयोजक :- सदस्य

- सम्बन्धित वडाको वडा अध्यक्ष :- सदस्य
- सम्बन्धित शाखा प्रमुख :- सदस्य सचिव

**१४. अनुगमन प्रतिवेदन:** स्थलगत अनुगमन पश्चात सुपरिवेक्षण तथा अनुगमन समितिले कार्यक्रम/योजनाको अवस्था बारेको अनुगमन प्रतिवेदन तयार गर्नु पर्नेछ।

**परिच्छेद ८**

**विविध**

**१५. बाधा अड्काउ फुकाउ:** यस निर्देशिका बमोजिम कृषि विकास कार्यक्रम सञ्चालन गर्दा कुनै विषयमा दुविधा वा वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरेर बाधा अड्काउ फुकाउ गर्न सक्नेछ र सो निर्णय यसै कार्यविधिको अभिन्न अंग मानिनेछ।

**१६. प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भए भन्दा बाहेकका कुनै पनि विषय प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

**१७. निर्देशिका संशोधन:** अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले यस कार्यविधि संशोधन तथा थपघट गर्न सक्नेछ।

**१८. खारेजी:** अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि खारेजी गर्न सक्नेछ। " अन्नपूर्ण गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" र " अन्नपूर्ण गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि,२०८०" खारेज गरिएको छ।

अनुसूची १

दफा ७ (ख) सँग सम्बन्धित

प्रथम पटक सूचनाको प्रकाशन मिति..............

अनुदानमा कृषि कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

अन्नपूर्ण गाउँपालिका कृषि विकास शाखा/ पशु सेवा शाखाबाट कार्यान्वयन हुने गरी आ.व. २०८१/८२ को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार ....................... कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ........... दिन भित्र ( मिति ......... गते सम्म) यस कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/ वेवसाईट.................बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर .............................. मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क स | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलाप | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

संलग्न गर्नु पर्ने कागजातहरु:

- निवेदन ( अनुसूची २ बमोजिम )
- दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि

- स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
- व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव( अनुसूची ३ बमोजिम)
- अघिल्लो दुई वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ( अनुसुची ७ बमोजिम)
- वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सम्बन्धित वडाको सिफारिस पत्र।
- कृषक समुहको हकमा अनुदानको माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
- प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
- जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि।
- अर्काको नाममा रहेको जग्गामा कार्यक्रम सञ्चालन गर्ने भए जग्गा धनीको मञ्जुरी नामा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार पत्र।

***नोटः*** *कार्यक्रमको प्रकृति अनुसार कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ। साथै कार्यक्रमको प्रकति अनुसार कागजातहरुको विवरण थपघट गर्न सकिने छ।*

अनुसूची २

दफा ८ (ख) सँग सम्बन्धित

निवेदनको ढाँचा

मितिः ................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
अन्नपूर्ण गाउँपालिका, पोखरेबगर, म्याग्दी।

**विषयः ............. कार्यक्रम संचालनको लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा।**

प्रस्तुत विषयको सम्बन्धमा तहाँ कार्यालयबाट मिति ................ मा प्रकाशित भएको सूचना अनुसार ............................................. कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका आवश्यक कागजातहरु संलग्न गरि यो प्रस्ताव सहित निवेदन पेश गरेको छु/ गरेका छौं।

संलग्न कागजातहरुः

| कागजात | छ | छैन |
| --- | --- | --- |

| | | |
|---|---|---|
| दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि | | |
| स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि | | |
| कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव | | |
| सम्बन्धित वडा कार्यालयको सिफारिस | | |
| अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि | | |
| नागरिकता प्रमाण पत्रको प्रतिलिपि | | |
| अनुमानित लागत रकम ( निर्माण गरिने पूर्वाधारको हकमा) | | |
| जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार पत्र | | |

माथि उल्लेखित विवरण तथा कागजातहरु सहि सत्य छन्।

निवेदक

दस्तखत

नाम

ठेगाना

सम्पर्क नं

संस्थाको छाप

अनुसूची ३

दफा ८ (ख) सँग सम्बन्धित

<u>कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा</u>

कार्यक्रमको नाम: जिल्ला: गा पा:

वडा नं: टोल: गाउँ:

फर्म/ कृषक समुहको नाम: सञ्चालक/ अध्यक्षको नाम:

सम्पर्क नं:

**१. व्यवसायको परिचय:** ( तपाईंले के कस्तो काम गर्न खोज्नु भएको हो? किन कसरी र कहिले गर्न खोज्नु भएको हो भन्ने कुरा लेख्नुहोस्।)

- गर्न खोज्नु भएको काम:

- किन गर्ने:
- कसरी गर्ने:
- कहिले गर्ने:

**२. उद्देश्य:** मूख्यता के उद्देश्यका लागि अनुदान लिन चाहानु भएको हो?

क. उत्पादन गर्ने ( ) ख. प्रशोधन गर्ने( ) ग. बजारिकरण गर्ने( ) घ. अन्य( )

**३. कृषि व्यवसायमा अनुभव:** अनुदान लिन चाहनु भएको विषयमा तपाईंसँग अनुभव छ कि छैन? छ भने कति वर्षको अनुभव छ?

**४. व्यवसाय संचालन गरिने स्थानकको संक्षिप्त विवरण:**

अन्नपूर्ण गाउँपालिका ........वडा नं .............. गाउँटोल।

सदरमुकामबाट कति टाढा छ? .........कि मि

उक्त स्थानमा हाल लगाईएका प्रमुख बालीहरु:

१. .......................... २. ................................. ३. .................................

सडकको पहुँच: पक्की सडक ( ) कच्ची सडक ( ) मौसमी सडक ( ) नभएको ( )

**५. व्यवसाय संचालनका लागि रहेका पूर्वाधारहरु:** तपाईंले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँमा निम्न सुविधाहरु छन् कि छैनन्? छन् भने कस्ता छन्? छ ( ) छैन ( )

यदि छ भने सिँचाईको स्रोत: कुलो....../ पोखरी....../बोरिङ......./ अन्य..........

भण्डारण सुविधा छ कि छैन? छ भने कुन प्रकारको छ? ..........................

यन्त्र/ उपकरण: तपाईंले के कस्ता कृषि यन्त्र उपकरणहरुको प्रयोग गर्ने गर्नु भएको छ?

| यन्त्र उपकरणहरुको नाम | संख्या |
|---|---|
| क | |
| ख | |
| ग | |

अन्य पूर्वाधार संरचनाहरु के के छन्? (उल्लेख गर्ने)

| पूर्वाधार संरचनाहरु | किसिम | क्षमता |
|---|---|---|
| क | | |
| ख | | |
| ग | | |

**६. तालिम सम्बन्धि विवरण:** तपाईंले अनुदान माग गर्नुभएको विषयमा तालिम लिनु भएको छ कि छैन? छ भने कुन विषयमा कति दिनको र कहिले कसले दिएको हो? प्रतिलिपि सहित राख्नुहोस्।

| क स | तालिमको विषय | अवधि | | तालिम दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**७. सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण**

| क स | संचालन गरिने क्रियाकलाप | कुल लागत रु | माग गरेको अनुदान रकम रु | प्रस्तावकको साझेदारी रकम रु | सम्पन्न हुने समयावधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**८. उत्पादित सामाग्रि तथा उत्पादित बाली/ वस्तुको बजार योजना**

| उत्पादन सामाग्रीको किसिम | खरिद गरिने स्थान | उत्पादन हुने बाली/ बस्तुको नाम | विक्री गर्ने स्थान | अनुमानित उत्पादन ( परिमाण के जि) | प्रचलित विक्री मूल्य | आम्दानी रु |
|---|---|---|---|---|---|---|
| बीउ | | | | | | |
| विरुवा | | | | | | |
| मल | | | | | | |
| विषादी | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| औजार/ उपकरण | | | | | | |
| अन्य | | | | | | |

**९. प्रस्तावित योजना संचालन पश्चात विक्री योग्य उत्पादन हुने हुन्छ?**

क. हुन्छ ( ) ख. हुँदैन ( ) ग. खेति प्रणालीमा मात्र सुधार हुन्छ ( )

विक्रीयोग्य उत्पादन हुने भए परिमाण : ...................

**१०. सञ्चालन हुने कार्यक्रमबाट वातावरणमा नकारात्मक प्रभाव पर्छ ( ) / पर्दैन ( )।**
पर्ने भए प्रभाव न्यूनीकरण गर्न के गर्नुहुन्छ? ............................................................

**११. कार्यक्रमबाट थप हुने रोजगारी श्रृजनाः**

- स्वरोजगार कति जना? (आफ्नो घरको मात्र) .........................
- स्थायी रोजगारी कति जना? (आफ्नो घर परिवार बाहेक) ..............................
- अस्थायी रोजगारी कति जना? (आफ्नो घर परिवार बाहेक) ............................

**१२. व्यवसाय दिगो हुने आधारहरुः** क.

ख. ग.

आवेदकको तर्फबाट सही गर्नेको नाम:

दस्तखत:

पद:

संस्थाको छाप:

सम्पर्क नं:

मिति:

अनुसूची ४

दफा ९ (ग) सँग सम्बन्धित

<u>प्रस्ताव मूल्याङ्कनका आधारहरु</u>

जिल्ला:

आवेदकको नाम:

प्रस्तावित कार्यक्रमको नाम;

कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

सम्पर्क नम्बर:

मुल्याङ्कन फाराम

| क स | विवरण (सूचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गाको उपलब्धता(भए १० नभए छनौट नहुने) | १० | | |
| २ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधार र संभावनाको अवस्था आफै निर्माण गरेको १० | १० | | |
| ३ | निरन्तरता र उत्पादकत्व बृद्धि हुन सक्ने सम्भावना | १० | | |
| ४ | प्राविधिक रुपमा उपयूक्त स्थान वा अवस्थिति | १० | | |
| ५ | रोजगारी सृजनाको अवस्था ( प्रति १ जना २ अंक दिने) | १० | | |
| ६ | वातावरणीय/ सामाजिक प्रभाव | ५ | | |
| ७ | उत्पादित वस्तुको बजार योजना | १० | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको) | १० | | |
| ७.२ | उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने | ७ | | |
| ७.३ | बजारीकरणको लागि आफ्नै आउटलेट नभएको, सम्झौता पनि नभएको, अनौपचारिक बजारिकरण भएको | ५ | | |
| ८ | सम्बन्धित व्यवसाय विस्तार गर्न सक्ने क्षमता, | ५ | | |
| ९ | सम्बन्धित व्यवसायको अनुभव | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| १० | सम्बन्धित विषयमा तालिम/अध्ययन गरेको वा सम्बन्धित विषयमा बैदेशिक रोजगारीको अनुभव (कम्तीमा १ वर्ष) | ५ | | |
| ११ | आर्थिक अवस्था (विपन्नता) | १० | | |
| १२ | समावेशीता (दलित, महिला, जनजाति, पिछाडावर्ग, ५) | ५ | | |
| १३ | विगत २ वर्षमा अनुदान लिए नलिएको | ५ | | |
| | जम्मा | १०० | | |
| मूल्याङ्कन मापदण्डको कूल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनौटका लागि प्राथमिकिकरण सूचिमा समावेश गरिनेछ। | | | | |

अन्य उल्लेखनीय विवरण:

१.

२.

अनुसूचि ५

दफा १० सँग सम्बन्धित

<u>सम्झौता पत्र</u>

आ.व. २०८०/८१ को लागी अन्नपूर्ण गाउँपालिका कृषि विकास शाखा / पशु सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत .............................. कार्यक्रमको लागी अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ( यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र छनौट भएका कृषक/कृषक समूह/ कृषि फर्म/ कृषि सहकारी ...........................( यस भन्दा पछाडी दोस्रो पक्ष भनिने) विच मिति ........./......../........ तपसिलका शर्तनामाहरुको  अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता गरि लियौं/दियौं।

**शर्तनामाहरु**

१) यो सम्झौता, सम्झौता भएको मिति देखि मिति ..................... सम्म लागु हुनेछ।

२) दोस्रो पक्षले प्रस्तावित कार्यक्रम म्याग्दी जिल्ला, अन्नपूर्ण गाउँपालिका, वडा नं ..........., ............. गाउँटोलमा सञ्चालन गर्नेछ।

३) प्रथम पक्षले सम्झौतानुसार कूल कार्यक्रम लागत रु ................ मध्ये अनुदान/ सामाग्री सहयोग वापत रु ................ (अक्षरेपी रुपैंया ........................................................) वा खर्चको अधिकतम ...........% दोस्रो पक्षलाई उपलब्ध गराउने रकममा नियमानुसार लाग्ने कर तथा कन्टिन्जेन्सी कट्टा गरी खाता मार्फत भुक्तानी गर्नेछ। कार्यक्रमको बाँकी रकम रु ......... (अक्षरेपी रुपैंया ................................) दोस्रो पक्ष स्वयमले ब्यहोर्नु पर्नेछ।

४) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र बमोजिमको डिजाईन स्टिमेट र दरभाउ मेशिनरी उपकरण र आय समानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्विकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ।

५) दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानिबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट विल, जिन्सी सामाग्री दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानिको लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ।

६) दोस्रो पक्षले भुक्तानी माग गरेपछि प्रथम पक्षले प्राविधिक तोकि कार्यको प्रगति अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि कार्य प्रगतिको आधारमा भुक्तानी गर्नेछ। कार्य सम्पन्न भई भुक्तानी भएम सम्झौता बमोजिमका संरचना/ सामाग्रीहरु दोस्रो पक्षलाई स्वत: हस्तान्तरण हुनेछ।

७) दोस्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारको सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदि कार्य गर्नुपर्नेछ। सम्झौता बमोजिम निर्धारित समय भित्र कार्य सम्पन्न नगरेमा प्रथम पक्षले भुक्तानी गर्न वाध्य हुने छैन।

८) प्रथम पक्षले कुनैपनि बखत सम्झौतानुसारको कार्य भए/नभएको अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

९) द्विपक्षिय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने छ र सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए

बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

१०) दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होर्डिङ वोर्ड राख्नुपर्नेछ ।

११) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत संभार व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवार दोस्रो पक्षको हुनेछ।

१२) दोस्रो पक्षले चौमासिक वा वार्षिक कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धि विवरण नियमित रुपमा प्रथम पक्षलाई आवश्यकता अनुसार उपलब्ध गराउनेछ।

११) यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै र यसमा उल्लेख नभएका नियमहरु नेपाल सरकारको प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ।

द्विपक्षिय सम्झौतामा कुनै परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी समझदारीमा सम्झौता अवधि नसकिँदै गर्न सकिनेछ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम सञ्चालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| कार्यालयको छाप: | संस्थाको छाप: |

रोवहवर

नाम:
पद:
दस्तखत:
मिति:

इति संवत २०...... साल ....... महिना ........गते रोज ............. शुभम्।

अनुसूची ६

दफा १० सँग सम्बन्धित

<u>सम्झौताको लागि निवेदन</u>

मितिः ............

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
अन्नपूर्ण गाउँपालिका, पोखरेबगर, म्याग्दी।

विषय- सम्झौता सम्बन्धमा।

अन्नपूर्ण गाउँपालिका कृषि विकास शाखा/ पशु सेवा शाखाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार .................... कार्यक्रमको लागि वडा नं ......... निवासी वा रहेको फर्म/ कृषक समुह ................. छनौटमा परेको हुँदा कार्यक्रम सञ्चालनको लागि तयार गरिएको प्राविधिक लागत स्टिमेट नै मेरो प्रस्ताव रहेको हुँदा जम्मा लागत रु ................................ बराबरको सम्झौता गरि कार्यक्रम अगाडि बढाउने कार्यदिश पाउँ भनि आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु।

हस्ताक्षर
नामथर:
ठेगाना:
सम्पर्क नं:
ईमेल:
संस्थाको छाप:

अनुसूची ७

दफा ८ (ख) सँग सम्बन्धित

<u>स्व:घोषणा पत्र</u>

मिति: ...........

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
अन्नपूर्ण गाउँपालिका, पोखरेबगर, म्याग्दी।

अन्नपूर्ण गाउँपालिका कृषि विकास शाखा / पशु सेवा शाखाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहबाट प्रदान गरिने ................ लिन इच्छुक रहेकाले दोहोरो पर्ने गरी नेपाल सरकार/ प्रदेश सरकार/ स्थानीय तह/ वा अन्य निकायबाट प्रदान गरिएको अनुदान मैले/ हामीले/ मेरो/ हाम्रो एकाघरको परिवारले नलिएको स्व: घोषणा गर्दछु। साथै यहि प्रकृतिको कार्यक्रमको लागि विगत दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा यस कार्यालय वा अन्य कुनै सरकारी कार्यालयबाट अनुदान प्राप्त नगरेको पनि स्व:घोषणा गर्दछु। यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पत्तिबाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

हस्ताक्षर
नामथर:
ठेगाना:
सम्पर्क नं:
ईमेल:
संस्थाको छाप:

राजपत्रमा प्रकाशित मिति : २०८१।०५।१२

आज्ञाले

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत